Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

Sahaj
Challenge fund

# सहज च्यालेन्ज फण्ड- चरण २
# सूचना सँगालो

CEAPRED

Sahaj
Partner for innovations in agricultural markets

swisscontact

# विषयवस्तुको तालिका


१. परिचय ३

१.१ फण्डको उद्देश्य ३

१.२ मार्गदर्शक सिद्धान्त ४

२. दोस्रो चरणका लागि पहिचान गरिएको चुनौती ६

३. प्रस्तावित विचार ७

४. योग्यताको मापदण्ड ७

४.१ आवेदक ७

४.२ मापदण्ड ८

५. निजी क्षेत्रलाई प्रोत्साहन र योगदान ८

५.१ बजेट, फण्डिंग तथा अवधि ९

५.२ समर्थनको तौर-तरिका (मोडालिटी) ९

५.३ खर्च बाँडफाँड ९

६. च्यालेन्ज फण्डको प्रक्रिया तथा समयावधि १०

६.१ प्रस्तावहरूको माग तथा आवेदन १०

६.२ प्रस्तावहरूको मूल्याङ्कन १०

६.३ साझेदारीलाई औपचारिकता ११

६.४ अनुगमन १२

७. बारम्बार सोधिने प्रश्नहरू १३

## १. परिचय

सहज भनेर पनि चिनिने नेपाल कृषि बजार विकास कार्यक्रम (NAMDP) १२ वर्षको पूर्ण अवधिमा तीन वटा क्रमिक चरणहरू बनाएर तयार पारिएको छ । सहजको उद्देश्य समृद्ध तथा समावेशी कृषि क्षेत्रको परिकल्पनामा आधारित छन्, जसको लक्ष्य नेपालको ग्रामीण जनसंख्याको निम्ति रोजगारीको अवसर तथा आम्दानी वृद्धि गराउनु हो । सहज कार्यक्रम नेपाल सरकार तथा स्वीजरल्याण्ड सरकारको संयुक्त पहलमा सुरु गरिएको हो । स्वीस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेसन (एसडीसी) द्वारा फण्ड गरिएको यस कार्यकम प्रदेश नम्बर १ मा केन्द्रित छ ।

सहज कार्यक्रमले बजार प्रणाली विकास (मार्केट सिस्टम डेभलपमेन्ट) तथा समावेशी बजार (इन्क्लुसिभ मार्केट) को संयोजनलाई पछ्याउँछ । सहजको पहिलो चरण (मार्च २०१६-नोवम्बर २०२०) ले साना किसानको स्तरमा स्पष्ट रूपमा समृद्धि ल्याउन काम गरेको थियो । दोस्रो चरण (डिसम्बर २०२०-नोवम्बर २०२४) भने लगानी, वृद्धि तथा रोजगारी सिर्जना सँगसँगै निर्यात सहितको सम्पूर्ण कृषि बजार व्यवसायमा  बढी केन्द्रित हुनेछ । यसपालि उत्पादकहरूको आम्दानी बढाउनका निम्ति व्यापार तथा लगानी मुख्य कारक तत्त्व हुने कुरामा जोड दिइनेछ । कार्यक्रमले प्रदेश नम्बर १ मा कृषि-व्यवसायमा नवीनता ल्याउनलाई सेवा तथा पहुँचमा वृद्धि गराउन आर्थिक तथा प्राविधिक सहायता पनि प्रदान गर्नेछ । दोस्रो चरणले दुग्धजन्य (डेरी), मकै, अलैँची तथा तरकारी क्षेत्रमा हस्तक्षेपको पोर्टफोलियो निर्माण गर्नेछ ।

विघटनकारी सम्भाव्यता सहितको नवीनताले दोस्रो चरणको अवधिमा थप प्रमुख भूमिका खेल्नेछ । सहज कार्यक्रमले पनि अरू सँगसँगै विघटनकारी नवीनतालाई प्रोत्साहन दिन तथा थालनी गर्न विद्यमान स्टार्ट-अप समर्थन संयन्त्र ( स्टार्ट-अप सपोर्ट मेकानिजम) सँग मिलेर काम गर्नेछ । यसको सुरुवात गर्न, सहज कार्यक्रमले माथि उल्लेखित क्षेत्रमा नवीनता ल्याई सेवा तथा पहुँचमा वृद्धि गराउनको निम्ति चुनौती कोष (च्यालेन्ज फण्ड) संयन्त्र अपनाउनेछ । यसका साथै निजी क्षेत्रका स्रोतसाधनको पनि प्रयोग गरिनेछ । च्यालेन्ज फण्डले आवेदनहरूमा निम्न कुराको सम्बोधन भए/नभएको हेर्नेछ ( जसलाई "मार्गदर्शक सिद्धान्त- भाग १.२" मा थप विवरणका साथ प्रस्ट्याइएको छ):

- बजारको बाधा-अवरोधको सामना गर्ने ।
- नवीनता भएको र त्योसँगै सहजको सहायता बिनाको आफ्नो योजना जनाउने किसिमको ।
- समावेशी भएको, महिला, सिमान्तकृत समुदाय तथा अन्य विपन्न समुदायलाई लक्षित गर्ने ।
- सहजको आर्थिक सहयोगपछि दिगो हुने किसिमको तथा स्तर उन्नती गर्ने सम्भावना भएको ।
- प्रस्तावित समाधानमा खर्च/ कोष योगदान पुऱ्याउने किसिमको ।

### १.१ फण्डको उद्देश्य

सहज च्यालेन्ज फण्ड दोस्रो चरणका उद्देश्यहरू नेपाल कृषि बजार विकास कार्यक्रम (एनएएमडीपी) चरण-२ को समग्र कार्यक्रम लक्ष्यसँग पूर्ण रूपमा मेल खान्छ । सोही अनुरूप, फण्डले प्रदेश १ को कृषि क्षेत्र (दुग्ध, मकै, अलैंची र तरकारी) को उचित मूल्य बनाउन तथा रोजगारी वृद्धि गराउने लक्ष्य राखेको छ ।

विशेष रूपमा, सहज च्यालेन्ज फण्डको दोस्रो चरण दुग्ध/डेरी क्षेत्रमा पहिचान गरिएका केही चुनौतीपूर्ण समस्या तथा बाधाहरूलाई सम्बोधन गर्न नवीन विचारको खोजी गर्न प्रयोग गरिनेछ (थप विवरणका लागि भाग २ हेर्नुहोला) ।

महत्त्वपूर्ण रूपमा, फण्डले ती चुनौतीहरूलाई सम्बोधन गर्ने लक्ष्य राख्नेछ जहाँ विघटनकारी, अतीतको भन्दा बिलकुलै फरक किसिमको नवीनताले दुग्ध क्षेत्रलाई सही बाटोतर्फ डोऱ्याउनेछ । त्यस्ता बाटोहरू जसले प्रदेश १ मा कार्यरत निजी क्षेत्रहरूको काँडा पन्छाउनेछ र तसर्थ दुग्ध क्षेत्रमा उच्च स्तरको व्यवसायीकरण तथा उचित आर्थिक मूल्य बनाउनमा योगदान पुऱ्याउनेछ ।

## १.२ मार्गदर्शक सिद्धान्त

सहज च्यालेन्ज फण्ड-२ थुप्रै सिद्धान्तहरूद्वारा निर्देशित छ । यी कुनै प्रक्रिया विशेष होइनन् । यीनले एक दृष्टिकोण प्रस्तुत गर्छन् जुन फण्डको विभिन्न चरण तथा कालमा अपनाइएको छ र यीनैले आवेदनको मूल्याङ्कन प्रक्रियालाई पनि मुख्य रूपमा निर्देशन गर्दछन् ।

- *प्रतिस्पर्धात्मक प्रक्रिया*
  अनुदानको सीमित स्रोतसाधनलाई ध्यानमा राख्दै, अनुदानका आवेदनहरूको एक-आपसमा तुलना तथा मूल्याङ्कन गरिनेछ । पूर्व-निर्धारित छनौट मापदण्ड पूरा गर्ने आवेदनहरूलाई कोषको चक्र (फण्डिंग साइकल) को उद्देश्यमा उनीहरूको योगदान अनुसार सूचीमा राखिनेछ । प्रत्येक आवेदनलाई गुणको आधारमा अंक दिइनेछ ताकि सोही अनुसार श्रेणीमा वर्गीकरण गर्न तथा योग्य आवेदनलाई क्रमबद्ध गर्न सकियोस् ।

- *नवीन प्रयोग*
  अनुदानहरूको उद्देश्य प्राय: नयाँ विचार तथा नयाँ अवधारणालाई सघाउने हुन्छ जसले गर्दा अनिश्चितताको जोखिमले यसलाई निजी क्षेत्रका लागि आकर्षक बनाउँदैन । यी तीन महत्त्वपूर्ण कुरालाई पनि ध्यानमा राख्नुपर्छ:
    - प्रदेश १ मा नवीन मानिएको कुरा अन्य देशमा (अथवा नेपालकै अन्य प्रदेश/ भेगमा) लागु भएको हुन सक्छ । नवीन प्रयोगको अवधारणालाई त्यस्तो उत्पादन, प्याकेजिङ, जसलाई त्यही स्वरूपमा प्रदेश १ मा कार्यान्वयन/ लागु गरिएको छैन भनी परिभाषित गरिएको छ ।
    - सहज च्यालेन्ज फण्ड-२ ले प्रत्यक्ष, दीर्घकालीन प्रभावका लागि नवीन प्रयोगलाई लक्षित गर्दछ । यो तबमात्र सम्भव छ जब नवीन प्रयोग अन्तत: (आर्थिक र सामाजिक रूपमा) आत्मनिर्भर हुन्छ । आर्थिक स्थायित्वको यथार्थपरक अपेक्षा बिनाको नवीन प्रयोगलाई सहज च्यालेन्ज फण्ड-२ ले योग्य ठहराउने छैन ।
    - सहज च्यालेन्ज फण्ड-२ को अपेक्षित प्रकृति (धेरै मात्रामा बिनाशर्त अनुदान कोष) का कारणले यसले विघटनकारी नवीन प्रयोग (डीसरप्टिभ इन्नोभेसन) लाई प्राथमिकताका साथ हेर्नेछ । यस्तो प्रकृतिको नवीन प्रयोगमा उत्पादनशीलतामा चरणबद्ध परिवर्तन ल्याउने तथा त्यस क्षेत्रमा उचित मुल्य बनाउने उच्चतम सम्भावना हुन्छ । तर यसलाई कार्यान्वयनमा ल्याउन तथा सफल बनाउन पनि उत्तिकै कठिन हुन्छ ।

- *खर्च बाँडफाँड*
  सहज च्यालेन्ज फण्ड-२ ले निजी क्षेत्रको लगानीलाई पूर्ण रूपमा प्रतिस्थापन गर्न नभई यसलाई थप मद्दत गर्न चाहन्छ । तसर्थ, फण्डले नवीन प्रयोग भएका पहलहरूको निम्ति साझेदारीमा वित्तीय सहयोग वा खर्च बाँडफाँड गर्ने प्रस्ताव गर्दछ । सामान्यतया, जति धेरै स्थापित कम्पनी हुनेछ, त्यति नै कम 'उदार' समर्थन रहनेछ । भर्खरै मात्र सुरु भएको पहल वा व्यापार-व्यवसायको हकमा, आवेदन दिने साझेदारद्वारा खर्च बाँडफाँडको नाममा विचारमा लगानी गरिएको समय र/वा स्रोतसाधनहरू समावेश हुन पनि सक्छन् ।

- *स्तर उन्नति (स्केलेबिलिटी)*
  नवीन प्रयोगहरूलाई जहिले पनि तिनीहरूले सम्पूर्ण बजार विकास गर्न सक्ने क्षमता अनुसार मूल्याङ्कन गरिनेछ । जुन उत्पादन वा सेवाहरूमा नवीन प्रयोगहरूको स्तर उन्नति गर्न अथवा दोहोराउन वा नक्कल गर्न सक्ने कुनै सम्भावना हुने छैन, तिनलाई सहज च्यालेन्ज फण्ड-२ को हकमा दोहोऱ्याउन सान्दर्भिक मानिने छैन । सामान्यतया, सेवा व्यवसायहरूमा स्तर उन्नतिको उपाय (स्केलेबिलिटी) सीमित हुने गर्दछ – लक्ष्यहरू सहितका व्यापार योजनाको स्तर उन्नतिबारे खुलाउन आवश्यक हुन्छ ।

- *पारदर्शिता*
  चुनौती कोष (च्यालेन्ज फण्ड) आफ्नो नियम र कार्यविधिको बारेमा पूर्ण रूपमा स्पष्ट र पारदर्शी हुनुपर्छ । आवेदन मूल्याङ्कनको परिणाम आवेदकहरूलाई सूचित गरिनेछ ।

- *अतिरिक्तता*
  फण्डले त्यस्तो विकास र नवीन प्रयोगलाई प्राथमिकतामा राखेको छ जुन अन्यथा सम्भव हुन सक्ने थिएन । यो अतिरिक्तताको प्रमाण दिन लगभग असम्भव भए तापनि, नवीनताको स्तर र जोखिम कारकहरूलाई आधार मानेर सामान्यतया तर्क अघि सार्न सकिनेछ ।

- *प्रतिस्पर्धा*
  सहज च्यालेन्ज फण्ड-२ ले निजी क्षेत्रको लगानी उपलब्ध नहुने ठाउँमा मात्र लगानी गरेर यसको विकृत प्रभावहरूलाई सीमित पार्न चाहन्छ । फण्ड त्यस्ता विचार र पहलहरूमा ध्यान केन्द्रित गर्न चाहन्छ जसले व्यावहारिक रूपमा व्यावसायिक प्रायोजनले आर्थिक सहायता पाउँदैनथे ।

- *पारस्परिकता*
  विजेता हुने आवेदकबाट सहज च्यालेन्ज फण्ड-२को आर्थिक सहयोगको सट्टामा सामाजिक र आर्थिक प्रभाव हुने गरी योगदान दिने अपेक्षा राखिएको छ । यसको अर्थ प्रत्येक आर्थिक सहयोग पाउनेसँग यस्तो प्रभाव बारे जानकारी र तथ्याङ्क मागिनेछ । यसको पालना नभएको खण्डमा सहकार्य नै बीचमा रोकिने वा आर्थिक सहयोगको परियोजना नै पूर्ण रूपमा रद्द हुन समेत सक्नेछ ।

- *प्रभाव*
  सहज च्यालेन्ज फण्ड-२ ले 'प्रभाव लगानीकर्ता' (इम्प्याक्ट इन्भेस्टर) को रूपमा कार्य संचालन गर्दछ, अर्थात् जहाँजहाँ सकारात्मक सामाजिक, पर्यावरणीय र आर्थिक प्रभाव देखिने अपेक्षा राख्दछ, त्यहाँत्यहाँ लगानी गर्नेछ । फण्डको प्रभाव सम्बन्धी निर्णयहरू हरेक समयमा नेपाल कृषि बजार विकास कार्यक्रम (एनएएमडीपी) को परिणाम श्रृंखला (रिजल्ट चेन), लग फ्रेम र प्रभाव लक्ष्यहरू (इम्प्याक्ट टार्गेट) द्वारा संचालित रहनेछ ।

- *लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*
  सकारात्मक प्रभाव पार्नका निम्ति लैङ्गिक समानता तथा सामाजिक समावेशीता एक अभिन्न तत्त्व हो । निजी क्षेत्रको कार्यसञ्चालनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षमा प्रवर्द्धन गर्दाको वा ध्यानाकर्षण गर्दाको जटिलता हेर्दा, सहज च्यालेन्ज फण्ड-२ मा यसैलाई प्रवर्द्धन गर्न विशिष्ट अंक पाउने मापदण्डहरू समावेश पनि हुन सक्छ । नियमकै रूपमा, सहज च्यालेन्ज फण्ड-२मा निम्न कुराहरू गर्नेछ:
    - कोष प्राप्त गर्नेको र लगानी गरिएको पहलहरू (सोचहरू) को प्रभावबारे लैङ्गिक तथ्याङ्क संकलन गर्नेछ ।

- आफ्नो कार्यसञ्चालनको क्रममा लिइने कुनै पनि लैंगिक समीक्षा वा मूल्याङ्कनहरूमा सहज च्यालेन्ज फण्डलाई समावेश गर्नेछ ।
- फण्ड पाउनेहरूसँग उत्पादन तथा सेवाहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विशेष डिजाइनद्वारा प्रवद्धन गर्नेछ ।
- सहज च्यालेन्ज फण्ड-२ को विषय वा चक्रसँग सान्दर्भिक हुँदा आवेदन प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मापदण्डको प्रयोग गर्नेछ ।

सहज च्यालेन्ज फण्ड-२ ले परम्परागत रूपमा विपन्न वर्ग तथा सीमान्तकृत समुदाय विरुद्धको भेदभाव कम गर्न विशेष ध्यान पुऱ्याउनेछ । यी समुदायले सामना गर्नुपर्ने बाधा अड्चनहरू तथा तिनीहरूलाई हटाउने तरिकाहरू बारे विशेष जोड दिइनेछ ।

- *हरित वृद्धि, जलवायु परिवर्तन*
  सहज च्यालेन्ज फण्ड-२ ले हरेक संलग्नताहरूको वातावरणीय र सामाजिक प्रभावलाई विचार गर्दछ । फण्डको लागि, हरित वृद्धि (ग्रीन ग्रोथ) बढाउन वा जलवायु परिवर्तन (क्लाइमेट चेन्ज) सँग लड्नका लागि सक्रिय योगदान पुऱ्याउने समाधान (सोच) लाई विशेष ध्यान दिइनेछ । यो या त सान्दर्भिक समाधानहरूको लागि छुट्टै कोष (फण्डीङ राउन्ड) को रूपमा हुन सक्छ, अथवा हरित वृद्धि गराउने वा जलवायु परिवर्तनसँग लड्ने तत्वहरू समावेश भएका समाधानहरू को लागि अन्य चरणहरूमा प्राथमिकता दिएर पनि हुन सक्छ ।

## २. दोस्रो चरणका लागि पहिचान गरिएको चुनौती

प्रदेश १ मा दूध प्रशोधन गर्ने कम्पनीहरूले हालसम्म विविध गुणस्तरीय दुग्धजन्य उत्पादन ल्याउन सकेका छैनन् । विगत केही आर्थिक वर्षहरूदेखि नेपालको दूध उत्पादनमा स्थिर वृद्धि (४% [*]) हुँदा प्रदेश १ मा भने उल्लेखनीय वृद्धि (११% [*]) भएको देखिन्छ । तथापि, दुग्ध प्रशोधनकर्ता (डेरी पोसेसर) हरूले प्रशोधन क्षमता बढाएर अथवा नयाँ उत्पादन ल्याएर यो वृद्धिसँगै मेल खान सकिरहेका छैनन् । दुग्ध प्रशोधनकर्ताहरूको प्रशोधन क्षमता बढाउन अथवा नयाँ उत्पादनहरू ल्याउनलाई यो अनिच्छाको मुख्य कारण भने प्राविधिक ज्ञान पाउन तथा मेसिन र उपकरण खरिद गर्दा लाग्ने उच्च प्रारम्भिक लागत (खर्च) हो ।

गुणस्तरीय दुग्ध उत्पादनहरू बनाउन प्रोसेसरहरूले बढ्दो प्रशोधन क्षमता, प्रशोधनको विभिन्न चरणमा उन्नत प्रविधि अपनाउनुपर्छ । यसले ब्रान्डिङ, प्याकेजिङ्ग, र लेबलिङ सहित विभिन्न तहमा प्रोसेसिंगको प्रक्रिया पुऱ्याउन पर्ने हुनाले उत्पादन लागत खर्च पनि बढाउँछ । यो भनेको अतिरिक्त प्रशोधन क्षमताका लागि तुलनात्मक रूपमा जोखिमपूर्ण लगानी गर्नु हो । प्रदेश १ का अधिकांश दुग्ध प्रशोधनकर्ता (डेरी प्रोसेसर) हरूले उत्पादनमा विविधता ल्याउनुपर्ने आवश्यकतालाई बेवास्ता गर्दै आफ्नो उत्पादनको सूची घ्यू, दही, पनीर जस्ता परम्परागत दुग्दजन्य उत्पादन (डेरी प्रोडक्ट) मै सीमित राखेका छन् । गर्मी यामको बेलामा [†] उत्पादन पनि कम, किनमेल गाह्रो हुने हुँदा, उत्पादनमा विविधता नभएकै कारणले पनि यो रणनीतिले काम गर्छ । जाडो यामको बेला किसानहरूबाट काँचो दूधको किनमेलमा रोक लगाउन प्रशोधनकर्ताहरूले मिल्क होलिडे [‡] पनि घोषणा गर्नुपर्ने हुन्छ । यसले किसानहरूसँगको सम्बन्धको तालमेल बिगार्छ र गर्मी यामको बेला

[*] कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार पारेको नेपाली कृषि सम्बन्धी तथ्याङ्कीय जानकारी २०७६/७७ अनुसार

[†] गर्मी यामको बेला = फागुन-असार र जाडो यामको बेला = साउन-माघ

[‡] मिल्क होलिडे- ती दिन जसमा प्रशोधनकर्ताले किसानबाट दूध खरिद गर्दैन

उनीहरूको खरिद प्रक्रियालाई पनि असर गर्छ । त्यसमा थप, टाढाका क्षेत्रहरूबाट दूध मगाउनुको खर्च नै धान्न नसकिने गरी महँगो हुन पुग्छ ।

नेपालले पाउडर दूध र क्रिम, स्वादयुक्त दूध (फ्लेभर्ड मिल्क), स्वादयुक्त दही (फ्लेभर्ड कर्ड), पनीर (मोजरेला, क्रीम, स्लाइस, नरम चीज) लगायतका थुप्रै दुग्धजन्य उत्पादनहरू पनि आयात गर्दै आएको छ । आर्थिक वर्ष २०७६/७७ मा नेपालले २ अर्ब नेपाली रुपैयाँ बराबरको दुग्धजन्य उत्पादनहरू आयात गरेको थियो भने, २.५ करोड नेपाली रुपैयाँ बराबरको मात्र उत्पादन (चीज /छुर्पी, नौनी लागायतको) निर्यात गरेको थियो । घरेलु प्रशोधनमा भएका कमीकमजोरीहरूका कारण नेपालको दुग्ध क्षेत्रले आयातमा रोक लगाउन सकिरहेको छैन ।

तसर्थ, कार्यक्रमले निजी क्षेत्रसँग साझेदारी गर्दै माथि उल्लिखित प्रणालीगत बाधा अड्चनलाई सम्बोधन गर्नका निम्ति चुनौती कोष (च्यालेन्ज फण्ड) को परिकल्पना गरेको छ । च्यालेन्ज फण्डको संयन्त्र मार्फत, यसले योग्य आवेदकहरूबाट बजारमा चल्न सक्ने नवीन प्रयोगको विचारलाई प्रोत्साहन गर्न चाहेको छ (कृपया थप विवरणहरूको लागि भाग ४ हेर्नुहोला) । अबको भागले पहिचान गरिएका चुनौतिको निम्ति एक अपूर्ण नवीन प्रयोगको विचार प्रदान गर्दछ तर यसले बाधाअड्चनलाई सम्बोधन गर्ने बजारमा चल्न सक्ने अन्य समाधानहरूलाई पनि स्वागत गर्दछ ।

## ३. प्रस्तावित विचार

नयाँ दुग्धजन्य उत्पादन (डेरी प्रोडक्ट) का विचार भएको दुग्ध प्रशोधनकर्ता (डेरी प्रोसेसर) तथा उद्यमीहरू नै च्यालेन्ज फण्डले समर्थन गर्न खोजिरहेको कम्पनीहरूको उदाहरण हुन् । नयाँ उद्यमहरू (स्टार्ट-अप), भर्खरै खुलेको साना तथा मझौला उद्योगहरू, अथवा व्यापार व्यवसायको नयाँ लाइन विकास गर्न खोजेका स्थापित कम्पनीकै छुट्टै टोली वा विभाग यस परियोजनाका लागि सम्भावित साझेदारहरू रहेका छन् । सामान्यतया नवीन विचारले दीर्घकालीन, दिगो डेरी उत्पादनलाई समर्थन गर्नुपर्नेछ ।

## ४. योग्यताको मापदण्ड

सहज च्यालेन्ज फण्ड दीर्घकालीन व्यावसायिक दिगोपनका साथ उन्नतिशील आविष्कार, नवीन प्रयोगहरूका लागि लक्षित छ । यो नयाँ कम्पनी (जस्तै स्टार्ट-अप/ नयाँ उद्यम) वा, भर्खर स्थापना भएका

साना कम्पनीहरू (साना तथा मझौला उद्योगहरू) अथवा व्यापार-व्यवसायको नयाँ लाइन विकास गर्न इच्छुक कम्पनीका लागि हो । सिद्धान्तमा, यो फण्ड निजी संस्थाको निम्ति मात्र हो । यसमा सरकारी निकायहरूले आवेदन दिन पाउने छैनन् । कुनै प्रस्तावमा व्यवसायीक रूपमा दीगो व्यापार मोडल प्रस्तुत गरी आफ्नो जरुरी भूमिका छ भन्ने सिद्द नगरेसम्म उद्योग संघसंस्था पनि यसका अपेक्षित आवेदकहरू होइनन् ।

### ४.१ आवेदकहरू

निम्न उल्लेखितहरू योग्य उम्मेदवार हुन्:
- प्रदेश १ मा कम्तीमा एक वर्षदेखि संचालनमा रहेका हालका डेरी प्रोसेसर लगायतका नेपाली डेरी/ दुग्ध कम्पनीहरू ।
- डेरी/ दुग्धजन्य क्षेत्रका लागि व्यवसायिक विचार भई व्यक्तिगत आवेदकहरू (स्टार्ट अप, साना तथा मझौला उद्योग) संचालन गरेको तथा आवेदन मितिको ६ महिना भित्र व्यवसायको रूपमा दर्ता गर्न इच्छुक भएको ।

## ४.२ मापदण्ड

निजी क्षेत्र, सहकारी र संघहरूसँग (आवेदकहरू) अनिवार्य रूपमा:
- स्टार्ट-अपहरू जोसँग कम्तीमा एउटा बेच्न मिल्ने न्यूनतम उत्पादन (मिनीमम भायबल प्रोडक्ट) छ, र ठोस व्यापार मोडेल छ र व्यापार बढाउन सोचिरहेको छन्
- आर्थिक रूपमा दिगो भएको (जस्तै, नगद प्रवाह सकारात्मक) अथवा आगामी तीन देखि पाँच वर्षमा आर्थिक रूपमा दिगो बन्नलाई एक विश्वसनीय व्यवसायीक योजना/प्रक्षेपण प्रस्तुत गर्न सक्ने भएको
- पहिले नै स्थापित व्यवसायको हकमा, कम्पनी रजिस्ट्रार कार्यालय र कर कार्यालयमा दर्ता भएको तथा उनीहरूको दर्ता तथा कर विवरणहरू अद्यावधिक (अप-टू-डेट) भएको
- अनुदान पारदर्शी तथा कुशलतापूर्वक प्रयोग गर्न सकिन्छ भनेर सुनिश्चित गर्न आन्तरिक प्रक्रियाहरू र प्रणालीहरू प्रस्तुत गर्न सक्षम भएको
- आफ्नो योगदानको लागि बजेट अनुसारको फण्ड(कोष) प्रदान गर्न सक्ने आफ्नो क्षमता प्रदर्शन गर्नलाई सक्षम भएको
- कम्तिमा १ वर्षको लागि चयन गरिएको वा सम्बन्धित क्षेत्रमा कार्य संचालन गरेको, वा एक व्यवसाय गठन गर्नको निम्ति एक विश्वसनीय व्यवसायिक विचार र योजना भएको

## ५. निजी क्षेत्रलाई प्रोत्साहन र योगदान

कुनै पनि नयाँ उत्पादनको विकासमा जोखिम मोलिएको हुन्छ । सहज च्यालेन्ज फण्डले उक्त जोखिम कम गरेर नवीन प्रयोग (इन्नोभेसन) लाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ । कुनै पनि व्यापारिक जोखिम बाधालाई कम गर्दै, लगानीको निर्णयलाई ‘हुँदैन’ बाट ‘हुन्छ’ भन्ने बनाउन च्यालेन्ज फण्डले मुख्यत: प्रदेश १ केन्द्रित व्यवसाय मोडल (नमुना) तथा विचारहरूको विकास तथा कार्यान्वयन गर्न लाग्ने खर्चहरूको आर्थिक भार उठाउनका लागि अनुदान दिनेछ ।

अनुदान सँगसँगै, फण्डले प्रदेश १ मा उत्पादन विकास गर्न तथा परिष्कृत गर्नलाई आवेदकलाई समर्थनको रूपमा विशेषज्ञ र परामर्शदातासँग पहुँचको रूपमा प्राविधिक सहायता प्रदान गर्न सक्छ । यो समर्थन साझेदारीको पहिलो वर्षमा प्रदान गरिनेछ र यसमा निम्न कुराहरू समावेश हुन सक्नेछन्:

- वित्तीय योजना (फाइनान्सियल प्लान्निंग)
- बिक्री तथा बजारीकरण (सेल्स एण्ड मार्केटिंग)
- व्यापार मोडेल (नमुना) पुनर्संरचना
- सञ्चालन व्यवस्थापन
- मानव संसाधन व्यवस्थापन (एचआर म्यानेजमेन्ट)
- रणनीतिक व्यवस्थापन (स्ट्राटेजिक म्यानेजमेन्ट)

आवेदकले प्राविधिक सहायताको आवश्यकताबारे संकेत गर्न सक्नेछ । उक्त प्राविधिक सहायता प्रदान गर्नलाई उचित लगनशीलता प्रदर्शन गरिनेछ । सहजले प्राविधिक सहायता प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतसाधन तथा विज्ञता जुटाउनेछ ।

### ५.१ बजेट, फण्डिंग तथा अवधि

च्यालेन्ज फण्डको दोस्रो चरणको लागि सम्पूर्ण बजेट करिब २ करोड नेपाली रुपैयाँ आँकलन गरिएको छ । सबैभन्दा ठूलो धनराशीको कोष ५० लाख नेपाली रुपैयाँ ननाघ्ने अपेक्षा गरिएको छ । सहज च्यालेन्ज फण्ड-२ को समितिबाट पारित भएमा योभन्दा बढी धनराशीको फण्ड पनि प्रदान गर्न सकिनेछ ।

प्रत्येक संलग्नता भएको प्रशासनिक कार्यभार व्यवस्थापन गर्नलाई कुनै पनि फण्डको धनराशी ५ लाख नेपाली रुपैयाँ भन्दा कमको हुने छैन ।

नवीन प्रयोगका लागि सहयोगी समर्थन तथा पुरस्कार सामान्यतया एक वर्षको लागि हुनेछ । आवश्यक परेको खण्डमा, सहज च्यालेन्ज फण्ड-२ को समितिले यस अवधिलाई लम्ब्याएर थप सहयोग दिनेबारे निर्णय गर्न सक्नेछ; यस्तो निर्णयको लागि मूल्याङ्कन गर्दा सधैँ हरेक प्रतियोगीको लागि तुलना नगरी छुट्टाछुट्टै निर्णय लिइनेछ ।

### ५.२ समर्थनको तौर-तरिका (मोडालिटी)

सहज च्यालेन्ज फण्ड-२ ले दिने सहायता प्राय: अनुदान मार्फत नै उपलब्ध गराइनेछ । सान्दर्भिक  रहेको ठाउँमा, फण्डले प्राविधिक सहायता प्रदान गर्नेबारे विचार पनि गर्न सक्छ । स्थापित कम्पनीहरूले पनि उन्नतिशील नवीन प्रयोग (डीस्रप्टिभ इन्नोभेसन) मा संलग्न हुन चाहेमा, सशर्त अनुदान (जोखिम साझेदारी [*]) वा सह-लगानी (अनुदान पुरानो रकम बराबर दिएर) को उपाय अपनाउन सकिनेछ ।

उन्नतिशील नवीनताको प्रकृतिको कारण, प्रायजसो नयाँ कम्पनीहरू द्वारा यो गरिँदा, कुनै ऋणको ग्यारेन्टी समेत प्रदान गरिने अपेक्षा गरिंदैनँ, किनकि यसले वितरण पछि तुरुन्तै पुनः भुक्तानीको दायित्वलाई उजागर गराउँछ (बैंकबाट ऋण/उधारो सामान्यतया प्रारम्भिक चरणको व्यापार पहलका लागि कम उपयुक्त मानिन्छ) ।

### ५.३ खर्च बाँडफाँड

सहज च्यालेन्ज फण्ड-२ का अनुदानको प्रकृति मुख्य रूपमा उन्नतिशील नवीन प्रयोगलाई समर्थन गर्ने भए तापनि, साझेदारहरू (अनुदान पाउनेहरू) आफूले प्रस्ताव गरेका परियोजनाहरू तथा नवीन प्रयोगहरूमा योगदान पुऱ्याउनेछन् भनेर आशा राखिन्छ । कम्पनी कुन स्टेजमा छ वा सहज च्यालेन्ज फण्ड-२ को पार्टनर/ साझेदार को छ? भन्ने हिसाबमा कुल लागत/खर्चको बाँडफाँडको दरमा फेरबदल पनि आउन सक्छ । सामान्य रूपमा, कम्पनी जति स्थापित (र नगद-सकारात्मक) हुन्छ, खर्च बाँडफाँड गर्दा साझेदारीको उति नै धेरै लागत/खर्च व्यहोर्ने अपेक्षा राखिएको हुन्छ ।

[*] निजी क्षेत्रको संस्थालाई तबमात्र प्रदान गरिने अनुदान जब नवीन प्रयोग वा नयाँ उत्पादन/ सेवा वा उनीहरूले उठाएको जोखिम असफल हुन्छ । यसले असफलता हात पर्दा, संघसंस्थामा पर्ने दबाबलाई कम गर्छ ।

## ६. च्यालेन्ज फण्ड प्रक्रिया तथा समयावधि

कृपया च्यालेन्ज फण्डको प्रक्रिया तथा समयावधिको चित्र हेर्नुहोला जसले तपाईंलाई सजिलै बुझाउनका लागि यो भागलाई अर्को पृष्ठमा चित्रण गरेको छ ।

### ६.१ प्रस्तावहरूको माग तथा आवेदन

विभिन्न सञ्चार माध्यम मार्फत प्रस्ताव तथा आवेदनको लागि आह्वान गरिने छ । प्रस्ताव तथा आवेदन बुझाउनका लागि समय (सूचना प्रकाशित भएको मिति देखि आवेदन बुझाउने अन्तिम मितिसम्म) लगभग चार हप्ताको हुनेछ ।

इच्छुक पक्ष (व्यक्ति वा संस्था) ले वेबसाइट वा परियोजनाबाट आवेदनको कागजातहरू अनुरोध गर्न सक्नेछन् । यी कागजातहरूमा एक आवेदन फारम, विचार वा अवधारणालाई टिपोट गर्नलाई ढाँचा (टेम्प्लेट), र आवेदकको प्रकार र स्थिति अनुसार आवश्यक पर्ने कागजात वा प्रमाणहरू समावेश हुन्छन् ।

एक पटक आह्वान प्रकाशित भएपछि, कार्यक्रम टोलीले आवेदन सम्बन्धी प्रश्नहरूको लागि प्रक्रिया र समय सीमा निर्धारण गर्नेछ । उक्त समयको सीमा आवेदन बुझाउने अम्तिम म्याद भन्दा १० दिनअघि सकिनेछ । परियोजनाको टोलीले हरेक प्रश्नको सम्बोधन र जवाफ १ कार्यालय समयको दिन (वर्किंग डे) अर्थात् २४ घण्टा भित्र दिनेछ ।

इच्छुक पक्षलाई भाग २ मा हाइलाइट गरिएको चुनौतीलाई सम्बोधन गर्ने गरी विचार वा अवधारणालाई समेट्ने गरी टेम्प्लेट सहित आवेदन फारम तथा अन्य आवश्यक पर्ने कागजात वा प्रमाण पेस गर्न अनुरोध गरिनेछ । च्यालेन्ज फण्डको लागि आवेदन पेस गर्नु  खासमा यसको चरण अन्तर्गतको प्रक्रिया हो ।

### ६.२ प्रस्तावको मूल्याङ्कन

प्रस्तावहरूको मूल्याङ्कन तीन हप्ताभित्र सकिने अनुमान गरिएको हुन्छ । आवेदन प्राप्त गरेपछि, मूल्याङ्कन समितिले आवेदनको समीक्षा गर्न र कुनै पनि सामग्री सम्बन्धी प्रश्नहरू उठाउन तथा आवेदनलाई पूर्ण रूपमा बुझ्न र मूल्याङ्कन गर्नको लागि परेको खण्डमा स्पष्टीकरण माग्नको निम्ति तीन दिन छुट्याउनेछ ।

चौथो दिनमा मात्र आवेदकलाई कुनै पनि प्रश्न वा स्पष्टीकरणको लागि अनुरोध पठाइनेछ । सबै आवेदकलाई अनुरोध गरिएको जानकारी पेस गर्नका लागि पाँच दिन दिइनेछ । त्यसपछि मात्र मूल्याङ्कन समितिले अर्को पाँच दिन लगाएर प्रस्तावहरूको मूल्याङ्कन तथा स्कोर तय गर्नेछन् ।

यदि कुनै कारणले, एक आवेदकले मागिएको जानकारी तोकिएको समय भित्र उपलब्ध गर्न नसक्ने अवस्थामा, उसले थप समयका लागि अनुरोध गर्नुपर्नेछ । मूल्याङ्कन समितिले यी अनुरोधहरूमा केस अनुसार फरक निर्णय गर्न सक्नेछ ।

हरेक प्रस्तावहरूमा अंक दिईसकेपछि, सिफारिस सहित, सहज च्यालेन्ज फण्ड-२ को समितिमा पठाइनेछ जसले कोषको सन्दर्भमा अन्तिम निर्णय सुनाउनेछ । समितिले उक्त फैसलाको लागि सात दिनभित्र निर्णय गर्नेछ ।

मूल्याङ्कनको मापदण्डले *भाग १.२ को मार्गदर्शक सिद्धान्त* को पालना गर्नेछ र निम्न कुरामा ध्यान पुर्‍याउनेछ:

- आवेदकको क्षमता र स्रोतहरू

- प्रस्तावको मुख्य विचार (उत्पादन, प्याकेजिङ्ग), त्यसको दीगोपन (सस्टेनेबिलिटी) तथा नवीनता (इन्नोभेसन) का तत्वहरू
- कोषको लक्ष्य र उद्देश्यको तुलनामा प्रस्तावको सम्भावित प्रभाव (पोटेन्सियल इम्प्याक्ट) ।

सहज च्यालेन्ज फण्ड-२ को अवार्डका लागि न्यूनतम (सामग्री) आवश्यकताहरू पूरा नगरेको प्रस्तावहरूलाई परियोजना द्वारा सूचित गरिनेछ।

### ६.३ साझेदारीलाई औपचारिकता

जब सहज च्यालेन्ज फण्ड-२ को समितिले कसैलाई आर्थिक सहयोग गर्ने निर्णय गरेपछि, परियोजनाले उक्त साझेदारीलाई औपचारिक रूप दिनको लागि आवेदकलाई सम्पर्क गर्नेछ । आवेदकको संघसंस्थासँग साझेदारी गर्दा लागत, खर्च बाँडफाँड, प्रारम्भिक अभिमुखीकरण (इन्डक्सन ओरिएन्टेसन), कार्य योजना निर्माण, अनुपालन र प्रतिवेदनको (रिपोर्टिङ) आवश्यकता, र अन्त्यमा अनुदान सम्झौता (ग्रान्ट अग्रीमेन्ट) मा हस्ताक्षर गरेर टुंग्याइन्छ । यसका लागि दुई-तीन हप्ता लाग्न सक्ने अनुमान गरिएको छ ।

तलको चित्रले च्यालेन्ज फण्डको प्रक्रिया तथा समयावधि (टाइमलाइन) लाई चित्रण गर्दछ ।




प्रारम्भिक अभिमुखीकरण: यसले रिपोर्टिङ आवश्यकताहरू (अनुगमन तथा परिणाम व्यवस्थापन सहित), पुरस्कार दावी गर्ने प्रक्रिया, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिप्रति प्रतिबद्धता, आचार संहिता, कार्यसंचालन निर्देशन आदि कुरालाई समेट्नु पर्छ ।

### ६.४ अनुगमन

कोष पाउन सफल हुने हरेक प्रस्ताव / परियोजनाका लागि कानूनी सम्झौतामा भिन्दाभिन्दै अनुकूलित (कस्टोमाइज गरिएको) शर्त तथा प्रावधानहरू रहनेछन् । साझेदारहरूले परियोजना कार्यान्वयनको अवधिभरी प्रगति, परियोजना प्रभाव (प्रोजेक्ट इम्प्याक्ट) र उद्देश्यहरूको उपलब्धि मूल्याङ्कन गर्नको निम्ति अनुगमन प्रतिवेदन (मनिटरिंग रिपोर्ट) पेस गर्न आवश्यक छ । साझेदारहरूले नियमित रूपमा प्रतिवेदन पेस गर्नु पर्नेछ र आवश्यक परेको बेलामा उनीहरूबाट मूल्याङ्कनकर्तालाई सहयोग गर्ने अपेक्षा गरिन्छ ।

कानुनी सम्झौताका शर्तहरूको आधारमा, परियोजना टोलीले साझेदार (पार्टनर) को आर्थिक स्थिति तथा प्रदर्शनको अनुगमन गर्नेछ । परियोजनाले पुऱ्याएको योगदानको आर्थिक लेखापरीक्षण (अडिट) गर्नलाई उपयुक्त ठानेको समयमा, परियोजनाले एक स्वतन्त्र वित्तीय लेखा परीक्षक (फाइन्यान्सियल अडिटर) खटाउन सक्नेछ । उक्त वित्तीय लेखा परीक्षकको खर्च परियोजनाले नै व्यहोर्नेछ र यो पुरस्कारको धनराशी भित्र पर्ने छैन ।

1. **बारम्बार सोधिने केही प्रश्नहरुः (FAQ)**

**सहज च्यालेन्ज फण्ड भनेको के हो ?**

सहज भनेर पनि चिनिने नेपाल कृषि बजार विकास  कार्यक्रम (NAMDP) ले निजि संस्थाहरुसँग साझेदारी गरेर कृषि क्षेत्रमा निरन्तर रुपमा आउने समस्याहरुलाई समाधान गर्दछ । सहज च्यालेन्ज फण्ड जस्ता विभिन्न सहयोग मोडालिटी प्रयोग गरी, कृषि बजार विकास कार्यक्रमले कृषि व्यवसाय क्षेत्रमा देखिएका परम्परागत तथा प्रणालीगत समस्याहरुको सम्बोधन गर्न प्रयास गर्दछ ।

**मैले दिएको आवेदन सहज च्यालेन्ज फण्ड राउण्ड २ को मापदण्ड अनुरुप छ वा छैन भनेर कसरी थाहा पाउन सकिन्छ ?**

सबै संस्थाहरुले आवेदन दिनु अघि सहज च्यालेन्ज फण्ड राउण्ड २ वेभसाईटमा रहेको ईन्फरमेसन प्याक पढेर बुझ्न अनुरोध गर्दछौं । उक्त सुचना प्याकले प्रपोजल (अवधारणा) हरुको मापदण्ड कसरी पु¥याउने भन्ने बारे निर्देशन दिनेछ । परियोजनाबारे थप जानकारीका लागि सम्पर्क व्यक्तिहरुको विवरण यस खण्डको अन्तिममा उल्लेख गरिएकोछ ।

**कस्ता परियोजनाहरुमा लगानी गरिनेछ ?**

सहज च्यालेन्ज फण्डको दोस्रो चरण दुग्ध क्षेत्रको नविनतम सोचमा केन्द्रित रहनेछ । नविनतम सोच प्याकेजिङ्ग र उत्पादनसँग सम्बन्धित हुनेछ । त्यो नविनतम सोचले लामो समय र दिगो सञ्चालनलाई समर्थन गरेको हुनुपर्नेछ । नविनतम सोच प्रदेश १ मा लागु भएको हुनु पर्नेछ र यसले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (न्भ्क्ष्) मा प्रभाव पार्नु पर्नेछ ।

**मैले आवेदन कहिले र कहाँ बुझाउन सक्छु ?**

सहजले अवधारणा पत्र खोलेको समयबाट आवेदन बुझाउन सकिन्छ । अवधारणा पत्र असार ९ गते (२३ जुन २०२२) मा प्रकाशित हुनेछ । आवेदनको अन्तिम मिति साउन ७ गते (२३ जुलाई २०२२) रहेको छ । आवेदन अन्तिम मिति भित्र बुझाउनु पर्नेछ । परियोजना समुहलाई अन्तिम प्रश्न र उत्तरहरु असार ३१ गते (१५ जुलाई) सम्म सोध्न सकिनेछ । आवेदन सहजको वेभसाइटबाट अनलाइन बुझाउन सकिनेछ वा निम्न उल्लेखित ठाउँहरुमा पनि बुझाउन सकिनेछ :

- कृषि मन्त्रालय, प्रदेश १, विराटनगर, मोरङ्ग
- आइडिया स्टुडियो नेपाल, काठमाण्डौ

**के आवेदनका विषेश नमुनाहरु छन् ?**

छन् । आवेदनको विषेश नमुना अधिकारिक वेभसाईट https://sahajcf.com/application-form/ बाट हेर्न सकिनेछ । आवेदकको अवधारणा पत्र निर्धारित नमुना अनुसार नभएमा आवेदन खारेज गरिनेछ ।

**आवेदन कसले बुझाउन सक्नेछन् ?**

- कुनै संस्था जो नेपालमा चल्दै र दर्ता भएका र प्रदेश १ मा काम गर्न सक्ने वा गरिरहेका,

- कम्तिमा १ वर्ष डेरी वा डेरी सम्बन्धि क्षेत्रमा काम गरी अनुभव भएको वा डेरी पदार्थ वा प्याकेजिङ्ग सम्बन्धि नविनतम सोच लिएर व्यापार गर्न सक्ने,
- स्टार्टअप जो सँग ठोस व्यवसायिक योजना साथै न्युनतम सम्भावना बोकेको व्यवसाय जसले वृद्धि गर्न खोजेको छ,
- आर्थिक रुपमा दिगो (सकारात्मक नगद प्रवाह – पोजेटिभ क्यास फ्लो) साथै एक विश्वसनिय व्यवसायिक योजना देखाउन सक्ने, र आगामी ३ वा ५ वर्षमा वित्तिय दिगोपनतर्फको योजना गर्न सक्ने हुनुपर्नेछ,
- चलिरहेको व्यवसायको हकमा संस्था घरेलु तथा साना उधोग विभागमा दर्ता गरिएको वा कम्पनी रेजिस्टारको कार्यालयमा दर्ता भएको हुनुपर्ने साथै मापदण्ड बमोजिम कर शुल्कहरु पनि नियमित रुपमा तिरिएको हुनुपर्नेछ,
- अनुदान प्राप्त भएपछि प्रयोग गर्ने आफ्नो आन्तरिक प्रणाली तथा प्रक्रियालाई देखाउन सक्षम हुनुपर्नेछ,
- अवधारणा पत्रमा आफूले तोकेको योगदानको लगानी गर्नसक्ने क्षमताको स्पष्टता प्रस्तुत गर्नु पर्नेछ ।

**मेरो परियोजना सञ्चालित नै छ , के म परियोजनाको स्तरोन्नतिका लागी आवेदन दिन सक्छु वा नयाँ र नविनतम सोच मात्रैले सक्छ ?**

सक्नुहुन्छ । कार्यको स्तरोन्नति र कार्यलाई अन्य क्षेत्रहरुमा फैलाउन आवेदन दिन सकिनेछ । यस सन्दर्भमा परियोजना स्तरोन्नति गर्न सकिन्छ भनेर प्रमाणित गर्नु पर्नेछ । नविनतम सोच वा विचार भनेको दुग्ध जन्य पदार्थ वा त्यसको प्याकेजिङ्ग जुन अहिलेसम्म प्रदेश १ भरि कतै लागु भएको छैन । थप जानकारीका लागी सुचना प्याकमा रहेको निर्देशिका हेर्नुहोला ।

**मेरो परियोजनालाई समर्थन गर्नको लागि अधिकतम उपलब्ध कोष कति छ ?**

सबैभन्दा ठूलो कोष पुरस्कार रु ५० लाख भन्दा बढी हुने अपेक्षा गरिएको छैन, यद्यपि सहज च्यालेन्ज फण्ड राउण्ड २ समितिले अनुमोदन गरेमा सम्भव छ । प्रत्येक व्यक्तिगत संलग्नतामा संलग्न प्रशासनिक कार्यभार व्यवस्थापन गर्न कोष पुरस्कार रु ५ लाख भन्दा कम हुँदैन । यदि प्राविधिक सहयोग चाहिएमा, कोषको रकमले प्राविधिक सहयोगको रकमलाई पनि सम्बोधन गर्छ ।

**के म उपकरण र मेसिनरी जस्ता स्थिर सम्पत्तिहरू किन्न कोषको प्रयोग गर्न सक्छु ?**

फण्डले वासलातमा (Balance Sheet) पर्ने बस्तुहरु जस्तै डेरी सम्बन्धित मेसिनरी तथा उपकरणका लागि आर्थिक सहयोग प्रदान गर्नेछ तर भौतिक पूर्वाधार निर्माण तथा खरिदमा केहि प्रकारको सहयोग पुर्याउने छैन ।

**मेरो आवेदनमा लगानी गर्ने निर्णय कहिलेसम्म हुन्छ र यसको बारेमा मलाई कसरी सूचित गरिनेछ ?**

आवेदनको अन्तिम समय ७ साउन २०७९ (२३ जुलाई २०२२) नाघेपछी, पहिलो राउन्डको आवेदनहरु छनोट गर्न ३ हप्ता लाग्नेछ । पहिलो राउन्डबाट छानिएका आवेदनहरुको व्यापार योजना बनाउन अर्को ३ हप्ता लाग्नेछ । सहज च्यालेन्ज फण्ड राउण्ड २ कमिटीले थप २ हप्ता लिएर निर्णय लिनेछ । परियोजना समुहले छनोट तथा अस्वीकृत संस्थालाई फोन, एस.एम.एस. (SMS) वा ई–मेल मार्फत् सुचना गराउन सक्नेछ । आवेदकले लगभग आवेदनको अन्तिम मिति बाट ८ हप्तासम्ममा सुचना प्राप्त गर्नेछन् ।

**के मैले परियोजना खर्चको कम्तिमा ५० प्रतिशत योगदान गर्नुपर्छ ?**

पर्दैन, सहज च्यालेन्ज फण्ड एउटा प्रतिस्पर्धात्मक प्रक्रिया हो र यसमा साझेदारहरुले पनि योगदान गर्नुपर्ने हुन्छ । खर्च बाँडफाँडको समग्र दर आवेदक संस्थाको काम कारवाही, अवस्था अनुसार फरक हुन्छ । सामान्य शब्दमा भन्नुपर्दा संस्थाले जति स्थायित्व हासिल गरेको छ त्यति नगद प्रवाह सकारात्मक बन्दै जान्छ र सहज च्यालेन्ज फण्डले खर्च भार त्यति नै घटाउँदै जान्छ ।

**यो परियोजना अवधि कति लामो हुन्छ ? के मैले २ वर्षभन्दा धैरै समय फण्डिङ पाउन सक्छु ?**

प्रारम्भिक रुपमा परियोजनामा एक वर्षका लागि (सेप्टेम्बर २०२२ देखि अगस्ट २०२३) लगानी हुनेछ, आवेदन प्रस्ताव र साझेदारीको प्रभावकारिताको आधारमा सहज र विजयी आवेदकले पहिलो वर्षपछि थप सहयोगका लागि पारस्परिक सहमति गर्न सक्नेछन् ।

**लगानीको अन्तिम निर्णयसम्म पुग्नका लागि परियोजनाका मापदण्डहरु के के छन् ?**

मूल्यांकन मापदण्डले सुचना प्याकको मार्गदर्शक सिद्धान्त र नियमहरुको निर्देशित सिद्धान्त पालना गर्नुपर्छ ।

- आवेदकको क्षमता र स्रोतहरु ।
- अवधारणा पत्र (प्रपोजल) को मूख्य आईडिया (प्रोडक्ट, प्याकजिङ्ग), यसको दिगोपना र नवप्रवर्तनमुखी तत्वहरु
- कोषको लक्ष्य र उदेश्यको तुलनामा प्रस्तावित सोचहरुको सम्भावित प्रभावको मूल्यांकन ।

**प्रतिवेदन (रिपोर्टिङ्ग) मा के के कुराहरु आवश्यक छन् र प्रगति प्रतिवेदन कति पटक सम्म बुझाउनु पर्छ ?**

साझेदारहरुले परियोजना कार्यान्वयन अवधिभर प्रगति, प्रभाव र उदेश्य प्राप्तिको मूल्यांकनका लागि निरिक्षण प्रतिवेदन पेश गर्नुपर्छ । साझेदारले नियमित आधारमा प्रतिवेदन पेश गर्नुपर्छ र मूल्यांकनकर्ताहरुलाई निरन्तर रुपमा सहकार्य र सहयोग गर्नुपर्नेछ । यी सबै कुरा अनुदान हस्ताक्षर सम्झौतामा विस्तृत रुपमा उल्लेख गरिनेछ ।

**रिपोर्टिङ आवश्यकताहरू के हुन्? मैले कति पटक प्रगति प्रतिवेदन (रिपोर्ट) पेश गर्न आवश्यक छ**?

साझेदारहरूले परियोजना कार्यान्वयन अवधिभर प्रगति, परियोजना प्रभाव (प्रोजेक्ट इम्प्याक्ट) तथा उद्देश्यहरूको उपलब्धि मूल्याङ्कन गर्नका लागि अनुगमन प्रतिवेदन (मनिटरिंग रिपोर्ट) पेश गर्न आवश्यक छ । साझेदारहरूले नियमित रूपमा रिपोर्टहरू पेश गर्नुपर्नेछ तथा उहाँहरूबाट आवश्यकता अनुसार मूल्याङ्कनकर्तालाई सहयोग गर्ने अपेक्षा पनि राखिएको छ । यसको विस्तृत जानकारी अनुदान हस्ताक्षर सम्झौता (ग्रान्ट साइनिंग अग्रीमेन्ट) मा हुनेछ ।

**आवश्यक परेको खण्डमा मैले थप सहयोग कहाँबाट पाउन सक्छु ?**

तपाईलाई थप सहयोग चाहिएको खण्डमा निम्न उल्लेखित व्यक्तिहरु सहयोग गर्नका लागि उपलब्ध हुनुहुनेछः

शुभेच्छा श्रेष्ठ

प्रबन्धक, कृषि सेवा, सहज–नेपाल कृषि बजार विकास  कार्यक्रम (NAMDP Phase II)

subhechchha.shrestha@swisscontact.org

टेलीफोनः ९७७–२१–४१७४२७

मन्जित श्रेष्ठ

कन्सल्टेन्ट, कृषि सेवा, सहज–नेपाल कृषि बजार विकास  कार्यक्रम (NAMDP Phase II)

manjeet.shrestha@swisscontact.org

टेलीफोनः ९७७–२१–४१७४२८

उत्कर्ष प्रसाद

कन्सल्टेन्ट, कृषि सेवा, सहज–नेपाल कृषि बजार विकास  कार्यक्रम (NAMDP Phase I)

utkarsh.prasad@swisscontact.org

टेलीफोनः ९७७–२१–४१७४२८